ICAN COP :'B' 1933 PAN : 300947115

# B.R. Dhungana and Company

Bhoj Raj Dhungana
Registered Auditor

Pokhara-12/166, Ramghat
Machhapuchhre Tole
Tel: 061-528658, Mob: 9856037499

मिति:- २०७१/०९/२१

श्री कार्यकारी अधिकृत ज्यू
लेखनाथ नगरपालीका कार्यालय
तालचोक, कास्की

दर्ता नं. ६०८३
दर्ता मिति ८।२८

*<u>बिषयः-अन्तिम लेखापरीक्षण प्रतिबेदन पेश गरिएको सम्बन्धमा ।</u>*

हामीलाई लेखनाथ नगरपालीका कार्यालय, तालचोक, कास्कीको आ.ब ०७०।०७१ को लेखापरीक्षण गर्न मिति २०७१/८/२४ मा नियुक्ति गरिएकोमा सोहि अवधि (आ.ब.०७०।०७१) सम्मको वित्तिय विवरणहरुको लेखापरीक्षण संपन्न गरेका छौ । बित्तिय बिबरणहरु प्रतिको उत्तरदायित्व नगरपालिका कार्यालयको व्यवस्थापनमा निहित रहेको छ । नगरपालिका कार्यालयले तयार गरेका ति वित्तिय बिबरणहरुको आधारमा लेखापरीक्षण गरी लेखापरीक्षणको कममा देखिएका व्यहोराको सम्बन्धमा राय सुझाव दिनु लेखापरीक्षकको उत्तरदायित्व हो ।

लेखापरीक्षण कार्य नेपाल लेखापरीक्षण लेखामानको मापदण्डको आधारमा गरिएको छ । नगरपालीकाले अबलम्बन गरेका लेखा सिद्धान्त, महत्वपूर्ण अनुमान एवं वित्तिय विवरण प्रस्तुतिको समग्र स्थितिको मुल्याङ्कन पनि लेखापरीक्षण प्रतिबेदनमा समाबेश छ । लेखापरीक्षणबाट प्राप्त रायलाई प्रयाप्त आधार प्रदान गर्ने कुरामा हामी बिश्वस्त छौ ।

उपरोक्त आधारमा लेखापरीक्षण गर्दा प्रमुख रुपमा निम्न कुराहरु देखिएको छ ।

क) लेखापरीक्षणको क्रममा लेखापरीक्षण सम्पन्न गर्न आबश्यक सूचना एवं स्पष्टिकरण पाईयो ।
ख) नगरपालिकाले राखेका श्रेस्ताहरु प्रचलित ऐन नियम वमोजिम रहेको पाईयो ।
ग) लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा नगरपालीकाको कारोबार मुल्याङ्कन गर्दा सन्तोषजनक रहेको पाईयो ।

हाम्रो रायमा, यस आर्थिक बिबरणले नेपाल लेखामान तथा सामान्यतया सर्वमान्य लेखाका सिद्धान्तहरु अनुसार नगरपालीकाको आ.व. २०७०/०७१ को आर्थिक स्थिति, तथा सो वर्षको संचालन नतिजा तथा समग्रमा यर्थाथ एंबं समुचित चित्रण गर्दछ भन्ने विश्वस्त छौं ।

(भोजराज ढुंगाना)
बि.आर ढुंगाना एण्ड कं
दर्तावाल लेखापरीक्षक

## पृष्ठभूमी :

स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा नियमावली २०५६ को प्रभावकारी कार्यान्वयन गर्दै विकेन्द्रिकरण मुखी शासन व्यवस्था अनुसार स्थानीय निकायहरुलाई सक्षम जागरुक बनाउदै स्थानीय आवश्यकताको पहिचान गर्ने योजना छनौटमा स्थानीय जनतालाई नै सरिक तुल्याउने स्थानीय स्रोत साधनहरुको अधिकतम उपयोग हुने गरी जनताको अत्यावश्यक चाहनाको पहिचान गर्दै स्थानीय निकायले विकेन्द्रीकरणको माध्यम द्धारा जनतालाई स्वायत्त गराई सुशासनमा अत्याधिक मात्रमा सम्मिलित हुने अवसर जुटाई लोकतन्त्रका लाभहरुको उपयोग गर्न सक्ने व्यवस्था कायम गर्ने दायित्व प्रदान गर्दै स्थापित विभिन्न नगरपालिका मध्ये लेखनाथ नगरपालिका पनि एक हो । यस नगरपालिकाको आफ्नो कार्यालयको भवन करिब ३७ रोपनी जग्गामा अवस्थित छ । करिब ७८.९३ वर्ग किलो मिटरको क्षेत्रफलमा सात तालको वगैचा शहरको नाममा परिचित यस नगरपालिकाको नाम कवि शिरोमणी लेखनाथ पौडेलको नामले अंकित छ ।

## कर्मचारी दरवन्दी र पदपूर्ति :

यस लेखनाथ नगरपालिकामा नेपाल सरकार तर्फबाट १ कार्यकारी अधिकृत, १ पंञ्जीकाधिकारी, नगरपालिकाका तर्फबाट ४४ दरबन्दी रहेको । हाल यस नगरपालिका कोष तर्फ ४१ जना कार्यरत रहेको जस मध्ये २५ जना स्थायी पूदपूर्ति १६ जना करार सेवामा, र ३ जना कार्यक्रम तर्फ रहेको पाईयो । हाल रिक्त रहेका ५ दरबन्दीहरुमा पदपूर्ति गर्नका लागि विज्ञापन भएको तर परिक्षा स्थगित भएको पाईयो । यस कारणले कर्मचारीहरुको कमि हुन गई कार्यसम्पादनमा तथा कार्यालयको सेवा प्रदान कार्यमा प्रभाव परेको देखियो । तसर्थ हाल करार तथा रिक्त रहेका दरबन्दीहरुमा पदपूर्तिको लागि आवश्यक प्रक्रिया अघी बढाउनु उपयुक्त हुनेछ भने वर्तमानमा कार्यरत कर्मचारीहरुमा कार्यालयलाई आफ्नै घर जस्तो माया गर्ने बातावरण तयार गर्न, कर्मचारीहरुको कार्यसम्पादन शैलिलाई दक्ष एवं जनमुखि बनाउन, कर्मचारीहरुको आफ्नो व्यक्तिगत स्वार्थहरुलाई मात्र भन्दा समग्र नगरपालिकाको हितमा कार्य गर्न, कर्मचारीहरुमा भएका मनमुटाव हटाई एकआपसमा सुमधुर सम्वन्ध कायम गर्न, कर्मचारीहरुलाई शिष्ट व्यवहार प्रर्दशन गर्ने र आफ्नो कर्तव्य बोध गराउदै जवाफ देहिता बनाउन व्यक्तित्व विकास तालिम एवं तत् सम्वन्धी विभिन्न तालिमहरु प्रदान गर्नु पर्ने र तालिमको उद्देश्यनुसार कार्य सम्पादन गर्ने योग्य, इमान्दार र क्षमतावान कर्मचारीहरुलाई पुरस्कृत गर्ने र अटेर कर्मचारीहरुलाई दण्डीत गर्ने सम्मको निति अवलम्वन गर्नुपर्ने देखिन्छ ।

**लेखाप्रणाली :**

स्थानीय निकाय आ.प्र. नियमावली २०६४ को नियम ११ मा नगरपालिकाको लेखा  दोहोरो श्रेस्ता प्रणालीको अधारमा प्रोदभावी कारोवारमा राख्नु पर्ने व्यवस्था रहेकोमा आ.व.०७०।०७१ को श्रेस्ता प्रोदभावी कारोवारमा नराखी दोहोरो श्रेस्ता प्रणालीको अधारमा स्थानीय विकास मंन्त्रालयले तयार गरेको सफ्टवेयर प्रयोग गरेको पाईयो जसका कारण यस लेखा प्रणालीले नगरपालिकाको वास्तविक आय व्यय तथा सम्पति दायित्वको अवस्था थाहा पाउन नसक्ने देखिन्छ । तसर्थ स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियमानुसार प्रोदभावी कारोबारमा लेखा प्रणाली राख्नु पर्ने देखिन्छ ।

**प्रशासनिक खर्चको हद :**

स्थानीय निकाय आ.प्र. नियमावली २०६४ को नियम ३४ मा कर, शुल्क, दस्तुर, भाडावाट उठेको रकम एक करोड रुपैयां भन्दा वढी आम्दानी हुने नगरपालिकाले सो आम्दानी रकमको २५ प्रतिशत ले हुन आउने रकम मात्र प्रशासनिक खर्च गर्नु पर्नेमा प्रशासनिक खर्चको २५ प्रतिशत सिमा भित्र रहन सकेको देखिएन । त्यसैले खर्चमा मितव्ययीता तथा उचित व्यवस्थापन गर्दे आन्तरीक श्रोत तर्फको आम्दानीमा अभिबृद्धि गर्न योजना तथा कार्यक्रमहरु नगरपालिकाले संचालन गर्नु पर्ने देखिन्छ ।

**आन्तरीक लेखापरीक्षण :-**

स्थानीय निकाय आ.प्र. नि. २०६४ अनुसार आ.व. २०७०/०७१ को आन्तरीक लेखापरीक्षण भएको पाईयो ।

**कर्मचारी लक बुक :-**

कर्मचारीहरु कार्यालय समयमा विभिन्न कामको सिलसिलामा कार्यालय बाहिर जाने गरेको पाईयो । सो अवस्थामा कर्मचारीहरु कुन प्रयोजनका लागि (व्यक्तिगत वा कार्यालयको काममा) बाहिर गएको हो र कति समय बाहिर जानुपर्ने हो भन्ने अभिलेख राख्न रजिस्टर राखिएको भएपनि सो को उचित र नियमित प्रयोग नभएको पाईयो । कर्मचारीहरु व्यक्तिगत वा कार्यालय, कुन काममा बाहिर रहेको भन्ने थाहा हुन नसकेको पाईयो । सो को कारण कार्यालय समयमा पनि व्यक्तिगत काम हुन गई कार्यालय समयको उपयोग हुन नसक्ने देखिन्छ । तसर्थ कर्मचारी बाहिर जाँदा वा भित्र पस्दा सोको अभिलेख राख्न कर्मचारी लग बुक प्रभावकारी कार्यान्वयन गर्नु उपयुक्त देखिन्छ ।

**वाषिक योजना किताव :**

प्रत्येक वर्ष नगरपालिकाले नगर परिषदको निर्णयको आधारमा नगरपालिकाको वार्षिक योजना किताब प्रकाशित गर्ने गरेको पाईयो । सो प्रकाशनमा आगामी आर्थिक बर्षको योजनाहरु रहने र विगतका योजनाहरु उल्लेख नहुदा तुलनात्मक बिश्लेषण गर्न नसकिने देखिन्छ ।

**सुझाव पेटिका :**

यस लेखनाथ नगरपालिकामा सर्वसाधारणको सुझाव सल्लाह, गुनासो आदि नगरपालिकाले थाहाँ पाउने हेतुले कार्यलयको मुल ढोकामा सुझाव पेटीका राखिएको पाईयो । सो सुझाव पेटीका खोल्ने, सुझाव पत्र पढ्ने र समिक्षा गर्ने अधिकार कानूनि सल्लाहकार लाई दिएको पाईयो । संकलन भएका पत्रहरुलाई कार्यालय प्रमुखको निरिक्षण पछि सम्बन्धित शाखाहरुमा पठाउने गरिएको जानकारी पाईयो ।

**गाडीको लगबुक :**

हाल यस नगरपालिकाको प्रयोजनका लागि गाडि नं. बा १ झ ७०१६ र २ थान मोटरसाईकल रहेको अवस्था छ । कार्यालयको गाडीमा लग बुक राख्ने गरेको पाईयो भने कार्यालयको २ थान मोटरसाईकलको लगबुक राखेको पाईएन् । मोटरसाईकल कुन प्रयोजनका लागि प्रयोग भएको हो , प्रति लिटर प्रेट्रोलले कति कि.मि. चल्ने हो , कति खर्च भएको हो ? आदि विवरण थाहाँ हुन नसक्ने देखिन्छ । तसर्थ सवै विवरण खुल्ने लग बुकले नै सवारी साधनमा हुने सम्पूर्ण खर्च तथा यसको प्रयोगको विवरण दिने हुँदा लगबुकको प्रयोग गर्नु पर्ने देखिन्छ ।

**योजना विवरण :**

विगतमा जस्तै यस आ.ब मा पनि नगरपालिकाद्धारा संचालन भएका योजना सम्बन्धी विस्तृत विवरण योजना शाखासँग नरहेको साथै योजनाका अनुमानित खर्चसँग विजकहरुको सम्बन्ध स्थापना गर्न नसकिएको, प्राविधिकका तर्फबाट योजनामा भएका निरीक्षणका प्रतिवेदन नरहेको, योजना सम्पन्न भएपछि सो को प्रतिवेदन समेत नरहेको देखिन्छ । योजनाका विवरण प्रभावकारी रुपमा एकैसाथ नराखिने हुनाले सम्बन्धीत काममा प्रभाव पर्ने देखिने हुँदा हरेक योजनाका संझौता पत्र त्यस सम्बन्धी निर्णयहरु लागत वा जनसहभागिता, पेश्कि, अनुमानित खर्च तथा खर्चको विवरण, प्रगति प्रतिवेदन आदि एकैसाथ राखि एक फायल प्रति योजना शाखामा राख्नु उपयुक्त देखिन्छ । आर्थिक वर्षको अन्तिम समयमा मात्र बजेट निकासा हुने हुँदा उक्त आ.ब.मा कतिपय योजना सम्पन्न गर्न नसकिएको र बजेट फ्रिज भएर गएको देखिन्छ । तसर्थ समय मै सम्बन्धीत कार्यालयबाट बजेट निकाशा गर्न न.पा. कार्यालयले पहल गर्नु पर्ने देखिन्छ ।

**सफ्टवयर्स प्रणालि :**

नगरपालिकाले लेखा तथा राजश्वको श्रेस्ता राख्नलाई सफ्टवेर प्रणालि प्रयोग गरेको पाईयो । यसले गर्दा कार्य सम्पादन छिटो हुने देखिन्छ । सफ्टवेर प्रणालि अझ समय अनुकुल र संपुर्ण कारोबार लाई समेटन नसकेको पाईयो र साझेदारी तथा गरिवि निवारण कार्यकममा सप्टवयर राखेको पाईएन ।

**खरिद प्रक्रिया :**

यस लेखनाथ नगरपालिकाबाट हुने खरिद तथा सेवा लिने क्रममा विभिन्न विक्रेता वा सेवा प्रदायकहरुसँग सूचिकृत वा मूल्य तुलना गरि कारोबार गरिएको पाईयो । तर समय समयमा यसरी सुचिकृत भएका फर्महरु बाट संतोषजनक रुपमा सामान आपुर्ति नभएको पाइयो तसर्थ सर्व सुलभ आपुर्तिको लागि सुरुमै आबश्यक शर्तहरु राखी संझौता गर्नु पर्ने देखिन्छ । कार्यालयमा सामान खरिद गर्दा बिभिन्न शाखा तथा ईकाईहरु बाट भएको र लामो समय पछि मात्र स्टोर दाखिला भएको बुझियो । खरिद प्रकृया एकै व्यक्तिले मात्र नभै जिन्सी, लेखा तथा कार्यक्रम हेर्ने कर्मचारीको संयुक्त टिम बाट खरिद गर्दा पारदर्शिता, हुने देखिन्छ ।

**आन्तरीक आय (राजश्व शाखा)**

नगरपालिकाको कर दस्तुहरु राजश्व शाखाबाट असुल गर्ने गरिएको पाईयो । सो प्रयोजनका लागि नगदी रसिदहरु सफ्टवेयरमा श्रेस्ता राखि सोहीबाट काट्ने गरिएको पाईयो । नगरपालिकाका वडाहरुबाट र घुम्ती टोली बाट पनि नगदी रसिद काटी दस्तुर लिई कम्प्युटर पोस्टीङ्ग गरिएको पाईयो ।

**कर्मचारी कल्याण कोष :**

लेखनाथ नगरपालिकामा कार्यरत कर्मचारीहरु निस्कदा सो कर्मचारीलाई प्रदान हुने उपदान, औषधि उपचार खर्च तथा संचित घर र बिरामी बिदाको रकम उपलब्ध गराउने हेतुले यस कोषको स्थापना गरिएको छ । यस कोषमा कार्यालयको तर्फबाट हरेक वर्ष प्रत्येक कर्मचारीको १ महिनाको तलब बराबरको रकम छुट्याउने गरिएको पाईयो । कर्मचारी कल्याण कोषको रकम कामना विकास बैंकको खाता नं. ०१०८० A मा रहेको पाईयो ।

**जिन्सी :**

विगतमा झैं यस आ.ब मा पनी जिन्सीको लगत राख्नको लागि प्रशासन शाखाअन्तर्गत जिन्सी इकाई रहेको पाईयो । सो इकाईले प्रचलित नियमनुसार जिन्सी श्रेस्ता राख्ने गरिएको, वार्षिक रुपमा जिन्सी मौज्दात विवरण तथा जिन्सी निरिक्षण प्रतिवेदन तयार गरी राख्ने गरिएको पाईयो तर भण्डार निरिक्षण गर्दा सामानहरु जिन्सी खातामा उल्लेख भए अनुसार व्यवस्थित भएको पाइएन । विवरणहरु हस्तलिखित हुँदा जिन्सी विवरण तथा खरिदमा नियन्त्रण गर्न गाह्रो हुन सक्छ । साथै सफ्टवेरको प्रयोग नहुँदा कर्मचारीको कार्यसम्पादान पनि ढिलो हुँन गई सम्पूर्ण कार्यालयलाई असर पर्न सक्ने हुन्छ । तसर्थ जिन्सी खातालाई सफ्टवेरको प्रयोग गरी समयानकुल परिवर्तन गर्नु पर्ने देखिन्छ । साथै जिन्सी प्रतिवेदनमा उल्लेख भएअनुसार लिलाम गर्न मिल्ने सामानको उपयुक्त प्रक्रिया अगाडि बढाई लिलाम गर्नु उपयुक्त देखिन्छ ।

**मर्मत संभार :**

विभिन्न समयमा यस नगरपालिका कार्यालयमा विभिन्न सामानहरु (जस्तै फर्निचर , सवारी साधन , कम्प्यूटर, अन्य उपकरणहरु) मर्मत हुने गरेको पाईयो । सोको विवरण लेखा शाखमा बुझाउने गरिएको पाईयो । तर पुरानो सामानको सट्टा नयाँ सामान राख्दा सो पुरानो सामानको विस्तृत अभिलेख नभएको पाईयो । यसो हुँदा पुरानो सामान पून प्रयोगहुन सक्ने भएपनि सोको दुरुपयोग हुन सक्ने सम्भावना रहन्छ । यसो हुँन नदिन फेरिएका पुराना सामान तथा लागतको विवरण राखि सोमा हुने खर्च नियन्त्रण गर्न उचित हुने देखिन्छ । साथै पुराना सामानहरुको पुन प्रयोग हुनसक्ने भए सो प्रयोग गरी खर्च नियन्त्रण गर्नु उपुक्त देखिन्छ ।

**नगरपालिकाको न्यूनतम शर्त तथा कार्यसम्पादन मापन कार्यविधि (MCPM)**

नेपाल सरकारको आ.व. २०६३/०६४ को बजेट वक्तव्य अनुरुप स्थानीय स्रोत परिचालन बढाउन र प्राप्त साधनको प्रभावकारी उपयोग गर्न बढवा दिने उद्देश्यले स्थानीय निकायमा कार्य सम्पादनका आधारमा नेपाल सरकारले दिने अनुदान घटबढ गर्ने नीति अवलम्बन गरेको छ । यस अनुसार स्थानीय निकायहरुलाई कानुन बमोजिम प्रदान गरिएको जिम्मेवारी र अधिकार बमोजिम स्थानीय निकायले कार्य सम्पादन गरे नगरेको मुल्यांकन गरी स्थानीय निकायलाई दिइने अनुदान घटबढ गर्ने गरेको छ । यसमा न्यूनतम शर्ततर्फ १० वटा सूचकहरु र कार्य सम्पादन मापन तर्फ ५ वटा कार्यक्षत्र अन्तर्गत ४० वटा सूचकहरु निर्धारण गरिएको छ । जस अनुसार नगरपालिकाले न्यूनतम शर्त तर्फ सम्पूर्ण १० वटा सूचक नै पुरा गर्नु पर्छ भने कार्यसम्पादन तर्फ उत्कृष्ट नम्बर प्राप्त गर्न सकेमा

मात्र १०% देखि २०% सम्म अनुदान थप हुन सक्ने व्यबस्था गरेको छ। MCPM ले निर्धारण गरेका सूचकहरुलाई पुरा गर्न सूचक संग सम्वन्धीत कार्यक्रम तथा योजना संचालनका लागि आवश्यक बजेट विनियोजन गरी कार्यन्वयन गर्नु पर्ने देखिन्छ।

**<u>पेश्कि :</u>**

गत आर्थिक वर्ष २०७०/०७१ को अन्त सम्म बाँकी रहेको पेश्कीलाई नियमानुसार फछ्यौंट गर्नु पर्ने देखिन्छ।

**<u>आर्थिक कारोवारको समग्र स्थिती :</u>**

यस नगरपालिकाले आ.व. २०७०/०७१ मा गत आ.व.को अ.ल्या.रु. २१,३३,००२।८६ आन्तरिक श्रोत बाट रु.२,२६,५८,८९६।४४ र विभिन्न बाह्रय श्रोतबाट रु. १२,११,३०,०३४।७० समेत जम्मा रु. १४,५९,२१,९३४।०० प्राप्त गरी सो आर्थिक वर्षमा प्रशासनिक खर्च रु १,८६,८५,७७१।६९ र कार्यक्रम खर्च रु २,७३,१५,०३४।५९ जम्मा चालु खर्च रु ४,६०,००,८०६।२८ र पुँजिगत खर्च रु. ९,८९,७३,५४६।९७. खर्च भई जम्मा रु.१४,४९,७४,३५३।२५ खर्च भएको र आ.व.को अन्तमा नगद मौज्दात ६,५९,६७७।९२ र बैंक मौज्दात रु २,८७,९०२।८३ गरी जम्मा मौज्दात रु. ९,४७,५८०।७५ समेत गरी रु. १४,५९,२१,९३४।०० को कूल कारोबार भएको देखिन्छ।

**१ बजेट उप-शिर्षक नं.३६५८०३३ (नगरपालिका अनुदान)**

नेपाल सरकार तर्फको रु. १,८०,९०,०००।०० अनुंदान प्राप्त भई रु. १,७६,६०,४३०।०० खर्च भई बाँकी रु. ४,२९,५७०।०० फ्रिज भएको र कुनै पेश्की तथा बेरुजु नभएको देखिन्छ।

**२. बजेट उप शिर्षक नं. ३६५८०८३ (स्थानिय यातयात पूर्वाधार क्षेत्रगत कार्यक्रम) :**

स्थानिय यातायात पुर्वाधार क्षे.का तर्फ २६३२२ सर्शत पुजीगत अनुदान तर्फ रु.३५,००,०००।०० को अख्तियारी प्राप्त भएकोमा रु. ३५,००,०००।०० खर्च भै कुनै पेश्की तथा बेरुजु नभएको देखिन्छ।

**३. स्थानिय विकास शुल्क कोष बजेट शिर्षक नं. ३६५८१७३**

स्थानिय विकास शुल्क कोष तर्फको बजेट उप शिर्षक २६३११ तर्फ रु ५४,०३,०००।०० बजेट उप शिर्षक २६३२२ तर्फ रु ७९,९७,०००।०० अख्तियारी प्राप्त भएकोमा उप शिर्षक २६३११ तर्फ रु.५४,०३,०००।०० बजेट उप शिर्षक २६३२२२ तर्फ रु ७८,८२,६११।०० खर्च भै बजेट उप शिर्षक २६३२२ तर्फ रु १,१४,३८९।०० फ्रिज भएको र कुनै पेश्की तथा बेरुजु नभएको देखीन्छ।

४. **शहरी शासकीय क्षमता विकास कार्यक्रम बजेट शिर्षक नं. ३६५८३२३**

शहरी शासकीय क्षमता विकास कार्यक्रम तर्फ उप शिर्षक नं. २६३२१ निशर्त पूँजिगत अनुदान तर्फ आई.डी.ए. सोध भर्ना ऋण तर्फ रु. १,१९,३६,०००।- र आई.डी.ए. सोध भर्ना सहायता अनुदान तर्फ रु.९७,६५,०००।- गरी जम्मा रु. २,१७,०१,०००।००।- को अख्तियारी प्राप्त भएकोमा आई.डी. ए. ऋण तर्फ रु.१,१४,६५,१३८।००।- र आई.डी.ए. सहायता तर्फ रु. ९७,६५,०००।- गरी जम्मा खर्च रु. २,१२,३०,१३८।०० खर्च भई आई.डि.ए. ऋण तर्फको रु. ४,७०,८६२।- फ्रिज भएको र पेश्की तथा बेरुजु नभएको देखिन्छ ।

५. **स्थानीय शासन/सामुदायिक विकास कार्यक्रम चालु बजेट शिर्षक ३६५८११९३**

स्थानिय शासन/सामुदायीक विकास कार्यक्रम चालु तर्फ बजेट उप शिर्षक तर्फ २६३१२ सशर्त चालु तर्फको रु.१३,६३,०००।- को अख्तियारी प्राप्त भएको मा रु. १२,०३,०००।- खर्च भै रु.१,६०,०००।०० फ्रिज भएको र कुनै पेश्की तथा बेरुजु नभएको देखिन्छ ।

**अन्य :**

क) यस आर्थिक वर्ष २०७०/०७१ मा नगरपालिका द्धारा संचालन गरिएका विभिन्न कार्यक्रम तथा योजनाहरुको भुक्तानीमा नियमानुसार कर कट्टा गरी आन्तरीक राजश्व कार्यालयमा दाखिला गर्ने कार्य लेखा शाखाबाट नियमित रुपमा संपन्न भएको देखियो । यद्यपि उक्त कर अर्को महिनाको १५ गते भित्र दाखिला गर्ने परिपाटीको विकास गर्नु पर्ने देखिन्छ ।

ख) नगरपालिका द्धारा संचालित धेरै जसो योजनाहरु उपभोक्ता समिति मार्फत कार्य सम्पन्न हुने हुँदा ती योजनाहरु लाई उद्देश्यनुसार सम्पन्न गराउन नगरपालिकाबाट नियमित रुपमा प्राविधिक तथा अन्य सहयोग एवं निरिक्षणको आवश्यकता देखिन्छ ।

ग) नगरपालिकाको कार्यालयको करिव ३७ रोपनी जग्गालाई गुरुयोजना बनाई कार्य अगाडी बढाउन आवश्यक छ । जस्तो फुलबारी, हरियाली पार्क , तालिम कक्ष, पुस्तकालय, सूचना केन्द्र, अतिथि गृह , चमेना गृह आदि निर्माण गर्ने योजना बनाउनुपर्ने देखिन्छ ।

घ) नगरपालिकाले अल्पकालिन तथा दिर्घकालिन रुपमा नगरको फोहोर व्यवस्थापन गर्ने योजना तत्काल बनाउनु पर्ने देखिन्छ । अन्यथा फोहोर व्यवस्थापन समस्याले निकै विकराल रुप लिन सक्छ ।

ङ) नगरपालिकाले नगरबासीहरुको आर्थिक उन्नति बढाउन स्वरोजगार तथा गरीबी न्यूनिकरण गर्ने कार्यक्रमहरु संचालन गर्न एथेष्ट बजेट बिनियोजन गरी प्रतक्ष्य लाभ हुने कार्यक्रमहरु संचालन गर्न आबश्यक देखिन्छ ।

**वित्तिय विवरण तथा व्यबस्थापनको उत्तरदयित्व :**

वित्तिय विवरण प्रतिको उत्तरदायित्व नगरपालीका कार्यालय को व्यवस्थापनमा रहेको छ ।

**लेखापरीक्षकको उत्तरदायित्व :**

हाम्रो उत्तरदायित्व लेखापरीक्षणको आधारमा ति वित्तिय विवरण उपर राय व्यक्त गर्नु मात्र हो । हामीले लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य संचालन गरेका छौ । ति मानहरु अनुरुप हामीले वित्तिय विवरण गहन रुपले गलत प्रदर्शन हुन बाट बञ्चित छन भन्ने कुरामा यथोचित तबरले विश्वस्त हुनका लागी लेखापरीक्षण योजना तर्जुमा एवं तदनुरुप कार्य संपादन गर्नु पर्दछ । लेखापरीक्षण अर्न्तगत वित्तिय विवरणमा प्रदर्शित रकम एवं अन्य विवरणहरुको पुष्टाई गर्ने प्रमाणको नमुना परीक्षण गरियो । व्यवस्थापनले अबलम्वन गरेको लेखा सिद्दान्त तथा महत्वपुर्ण अनुमानहरु एवं वित्तिय विवरण प्रस्तुतिको समग्र स्थितिको मुल्याङ्कन गर्नु पनी लेखापरीक्षण अर्न्तगत पर्दछ । हामीले व्यक्त गरेका रायका लागी हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेको कुरामा हामी विश्वस्त छौ ।

# लेखनाथ नगरपालिका साझेदारी विकास कोष
## गाउँ-नगर साझेदारी विकास तथा शहरी गरीबी न्यूनिकरण कार्यक्रम तर्फ :
## आ.ब. २०७०/०७१ को

लेखनाथ नगरपालिकामा गाउँ-नगर साझेदारी विकास तथा शहरी गरीबी न्यूनिकरण कार्यक्रम समाजिक परिचालनद्धारा नगरका गरिब जनताको जीवनस्तरमा सुधार गर्ने, आर्थिक, सामाजिक विकासका क्रियाकलाप तथा योजना प्रक्रियामा समन्वय तथा अन्तरसम्बन्ध कायम गरी सुदृढीकरण गर्ने, शहरी सुशासनमा सुधार गरी आधारभूत सेवा प्रवाहमा प्रभावकारीता अभिबृद्धि गर्ने, सरकारको बजेट तथा कार्यक्रमले तय गरेको उद्धेश्य अनुसार गरीबी न्यूनिकरण गर्न सहयोग गर्ने, सार्बजनिक निजी साझेदारी कार्यक्रमको अबधारणा अनुसार गरीबी न्यूनिकरण गर्न सहयोग गर्ने, रोजगारी तथा स्वरोजगारीको अबसरमा बृद्धि गर्ने जस्ता उद्धेश्यका साथ लेखनाथ नगरपालिकाको गरीबी न्यूनिकरण गर्ने मूल लक्ष्य राखी गाउँ-नगर साझेदारी विकास तथा शहरी गरीबी न्यूनिकरण कार्यक्रम संचालन भएको पाईयो । गाउँ-नगर साझेदारी विकास तथा शहरी गरीबी न्यूनिकरण कार्यक्रम संचालन गर्न २०७ वटा टोल विकास संस्थाहरु गठन भएको र टोल विकास संस्थाको सिफारीसमा बिभिन्न उद्यमी समुह तथा टोल विकास संस्थाहरुलाई सरल तरीका बाट बिना धितो सामुहिक जमानीमा ऋण उपलब्ध गराउँने गरेको पाईयो । त्यस्तै टोल विकास संस्थाको मागको आधारमा क्षमता विकासका तालिमहरु उपलब्ध गराउँने गरेको पाईयो । जसमा गाउँ-नगर साझेदारी विकास कार्यक्रमबाट लगानी गर्दा उद्यमी समुहलाई बार्षिक १२% र टोल विकास संस्थालाई बार्षिक १०% व्याजमा ऋण उपलब्ध गराउँने गरेको पाइयो । तर अति गरीब बिपन्न तथा पिछडिएको बर्गका लागि शहरी गरीबी न्यूनिकरण कार्यक्रम बाट भने ८% व्याजमा टोल विकास संस्थाहरुलाई ऋण उपलब्ध गराएको पाईयो । उक्त कार्यक्रम संचालन गर्न संचालनक समितिको व्यबस्था गरेको र कार्यक्रमको प्रभाबकारीताको अनुगमनका लागि अनुगमन समितिको समेत व्यबस्था गरेको तथा गरीबी न्यूनिकरण रणनीति तयार गरेको पनि पाईयो ।

गाउँ-नगर साझेदारी विकास तथा शहरी गरीबी न्यूनिकरण कार्यक्रमबाट आ.ब. २०७०/०७१ सम्म फिल्डमा लगानी भएको रकम रु १,१८,०५,३३६।- देखिन्छ । भने कार्यक्रम बाट आ.ब. २०७०/०७१ मा रु ६७,९०,०००।- ऋण लगानी गरी ८२% लक्ष्य हासिल गरेको र रु ८३,५७,६०१।- ऋण असुलि गरी ८७% लक्ष्य हाँसिल गरेको देखिन्छ । यसरी लक्ष्य अनुसार कार्यक्रम अगाडि बढ्न सफल भएको देखिन्छ ।

**सुझाब** : १. ऋण असुलिको लागि सफ्टवयर्स बाट काम गर्नु पर्ने देखिन्छ ।

२. साझेदारी विकास शाखामा थप जनशक्तिको व्यवस्था गर्नु पर्ने देखिन्छ ।

ऋण लगानीको बिबरण :

| आ.ब. | लगानीको लक्ष्य रु | यथार्थ लगानी रु | प्रगति | कैफयत |
|---|---|---|---|---|
| २०७०/०७१ | ९०,००,०००।- | ७९,९०,०००।- | ८२% | |

लैङ्गिक हिसाबले ऋण लगानीको बिबरण :

| आर्थिक बर्ष | जम्मा लगानी रु | महिलालाई लगानी रु | पुरुषलाई लगानी रु |
|---|---|---|---|
| २०७०/०७१ | ७९,९०,०००।- | ५३,२०,०००।- | [illegible] |
| प्रतिशतमा | १००% | ७२% | [illegible] |

ऋण असुलिको प्रगति :

| आ.ब. | असुलिको लक्ष्य रु | यथार्थ असुलि रु | प्रगति | कैफयत |
|---|---|---|---|---|
| २०७०/०७१ | ८०,००,०००।- | ८३,५७,६०१।- | १०४.४३% | |

## बेरुजु , सुझाब तथा टिप्पणीहरू :

हामीले लेखापरीक्षण गर्ने क्रममा विभिन्न कार्यक्रम तथा क्षेत्र अन्तर्गत देखिएका तथा प्राप्त भएका विवरणहरुको आधारमा संक्षिप्त रुपमा सुझाव तथा टिप्पणीहरुका साथै बेरुजुहरु पनि औंल्याएका छौं जुन यस प्रकार रहेको छ ।

| सि.नं. | गो.भौ.नं. | मिति | अन्तिम लेखा परीक्षण गर्दा देखिएको मुख्य व्यहोरा | नियमित गर्ने रकम रु | असुल गर्ने रकम रु | पेश्की रकम रु (?) | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | म्याद नाघेको | म्याद ननाघेको | |
| १ | २२७ | | लेखनाथ साना शहरी खानेपानी योजनालाई डिप बोरिङ्ग कार्यको लागी स्विकृत बजेट रु ३५ लाख मध्ये रु १६,१३,६४०। को भिमेश्वर डिलिङ्ग उद्योगलाई गरिएको भुक्तानीमा १.५ प्रतिशत कर कटाउन पर्नेमा नकटाई भुक्तानी भएकोले उक्त कर कटाई दाखिला गर्नु पर्ने रु | | २४,२०४।६० | | | |
| २ | १९ | ०७०।६।२१ | स्थानिय निकाय आ.प्र नियमावली २०६४ को नियम २०१ र स्थानिय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ अनुसार नगरपालिका बाट संचालित योजनाहरु को सार्वजनिक परिक्षण तथा गुणस्तर जाच गरि भुक्तानी दिन पर्ने देखिएको रु | १५,७२,२७३।८० | | | | |
| ३ | ३१ | ०७०।९।१८ | स्थानिय निकाय आ.प्र नियमावली २०६४ को नियम २०१ र स्थानिय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ अनुसार नगरपालिका बाट संचालित योजनाहरु को सार्वजनिक परिक्षण तथा गुणस्तर जाच गरि भुक्तानी दिन पर्ने देखिएको रु | २०,८७,०७४।९० | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| [illegible] | २६७ | ०७१।३।२५ | स्थानिय निकाय आ.प्र नियमावली २०६४ को नियम २०१ र स्थानिय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ अनुसार नगरपालिका बाट संचालित योजनाहरु को सार्वजनिक परिक्षण तथा गुणस्तर जाच गरि भुक्तानी दिन पर्ने देखिएको रु | ३५,८८,८०३।७८ | | | | |
| | | | | | | | | |
| [illegible] | २ | ०७१।३।२४ | स्थानिय शान्ती समिती कार्यक्रम अर्न्तगत पाल्पा भ्रमण गर्न जादा भएको खर्च भुक्तानी गर्दा भ्रमण प्रतिबेदन बसको टिकट खाए बसेको पान तथा भ्याटका विलहरु तथा अन्य पुष्टी हुने कागजपत्रहरु केहि पनी नभएकोले आबशयक कागज पत्रहरु संलग्न गरि नियमित गर्नु पर्ने रु | ४३,०००। | | | | |
| [illegible] | ७७ | ०७०।६।१४ | सुनौलो प्रिन्ट एण्ड एडभरटाइजिङ्गलाई भुक्तानी गर्दा रु १००००। मा कर कटाउन पर्ने रु | | १,५००। | | | |
| [illegible] | | | राजश्व शाखामा प्राप्त हुने आम्दानी रकम जुन दिन आम्दानी भएको हो सोहि दिन वा सोको भोली पल्ट कार्यालय संचालन हुने दिन जम्मा गर्नु पर्नेमा रु ६,५९,६७७९२ आ.ब को अन्तमा पनी जम्मा नभई नगद रहेकोले यस्तो रकम समयमै जम्मा हुनु पर्ने रु | ६,५९,६७७९२ | | | | |

**पेश्किको अबस्था :**

| सि. नं. | गो. भौ. नं. | मिति | अन्तिम लेखा परीक्षण गर्दा देखिएको मुख्य व्यहोरा | नियमित गर्ने रकम रु | असुल गर्ने रकम रु | पेश्कि रकम रु | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | म्याद नाघेको | म्याद ननाघेको | |
| | | | | | | ३,८३,१६८।५९ | ६,९७,४००।- | पेश्किको बिबरण अनुसूचि १ मा समलग्न रहेको छ। |

## *लेखापरीक्षण राय तथा सुझाव :*

१. नगर परिषद बाट स्विकृत भै कार्यकम संचालनको लागी उपभोक्ता समिती गठन गर्दा कम्तीमा समितीको पदाधिकारीमा १ र समितीमा ३३ प्रतिशत महिलाको प्रतिनिधित्व हुनु पर्नेमा कतिपय उपभोक्ता समितीको गठन गर्दा यस्तो प्राबधान कार्यान्वयन नभएकोले गर्न गराउन सुझाब दिईन्छ ।

२. रु १ लाख ५० हजार भन्दा माथिका अधिकांस योजनाहरुको योजना खाताहरु पूर्ण रुपमा भरेको पाईएन । योजना हस्तान्तरण फारम सहित योजना खाता पूर्ण रुपमा भर्न सुझाब दिइन्छ । सबै योजनाहरुको प्रष्ट हुने गरी सार्बजनिक परीक्षण गर्नका साथै गुण स्तर जाच्न समेत सुझाब दिईन्छ ।

३. लेखनाथ नगरपालिकाको नगरपरिषद बाट कुनै पनि कर्मचारी भ्रमणमा जाँदाको भ्रमण प्रतिबेदन अनिबार्य रुपमा पेश गर्नु पर्ने व्यवस्था गरेकोमा, नगरपालिका कार्यालयका कर्मचारीहरु भ्रमण जाँदा केहि कर्मचारी बाहेक अधिकांश कर्मचारीहरुले भ्रमण प्रतिबेदन पेश नगरी भुक्तानी लिएको पाईयो । यसका लागि अब देखि कुनै पनि कर्मचारी भ्रमणमा जाँदाको भ्रमण प्रतिबेदन अनिबार्य संलग्न गराई भुक्तानी दिने व्यबस्था गर्नु हुन सुझाब दिईन्छ ।

४. लेखनाथ नगरपालिकाको योजना तथा कार्यक्रमको अनुगमन खर्च भुक्तानी दिँदा अनिबार्य रुपमा अनुगमन प्रतिबेदन सम्लग्न गराई भुक्तानी दिने व्यबस्था गर्नु हुन सुझाब दिईन्छ ।

५. एकिकृत संपती कर कार्यक्रम बाट नगरपालीकाको आन्तरिक आम्दानीमा बृद्दि भएको देखिन्छ यद्यपि यस कार्यक्रमको लागी भएको खर्चको अनुपातमा अपेक्षित उपलब्धि प्राप्त गर्न अझ प्रयत्नशिल रहनु पर्ने देखिन्छ ।

६. बजेट खर्च गर्दा मितव्ययिता प्रभाबकारीता औचित्यता तथा उपलब्धिमुलक कार्यक्रम संचालन गर्नु पर्नेमा केहि योजना तथा समुदायमा आधारित तालिम तथा अन्य कार्यक्रमहरु संचालन गर्दा भ्रमण ,निरिक्षण , अनुगमन , खाजा , यातायात , भत्ता , जस्ता शिर्षकमा अत्यधिक खर्च देखिन गएकोले यस्ता कार्यकम संचालन गर्दा मितव्ययीता अपनाउन सुझाब दिईन्छ ।

७. आम्दानीको स्रोत प्रमाणित गर्दा जुन व्यवसायको आम्दानीको स्रोत प्रमाणित गर्ने हो सो व्यवसाय वा फर्म दर्ता गरि प्रमाणित गर्नु पर्नेमा कृषि तर्फको व्यवसाय दर्ता नगरी प्रमाणित गरेको पाइयो । यसले नगरपालिकालाई प्राप्त हुने व्यवसाय कर छुटन गएकोले संपुर्ण व्यवसाय दर्ता गरि आम्दानीको स्रोत प्रमाणित गर्न सुझाब दिईन्छ ।

८. अतिथि सत्कार, चिया खाजा खाना जस्ता शिर्षकमा अत्यधिक मात्रामा खर्च देखिन्छ । कतिपय खर्चको भुक्तानी गर्दा ईष्टिमेट, चलानी जस्ता सादा लुज विल बाट पनी भुक्तानी गरेको देखियो तसर्थ सामान्य अबस्थामा बाहेक यस्ता लुज विल बाट भुक्तानी नगर्न सुझाब दिईन्छ साथै कुन खर्च कुन प्रयोजनको लागी कुन कर्मचारी वा कुन पाहुनालाई कुन मितिमा कहिले सत्कार गरिएको हो भन्ने पुष्ट्याई सहित भुक्तानी गर्न सुझाब दिईन्छ ।

९. १७ औ नगर परिषदको निर्णय नं ४४ को १ अनुसार बेगनासतालमा संचालन हुने डुगाहरुबाट प्रति टिप रु ५ का दरले शुल्क लिने निर्णय भएकोमा सो बुदा कार्यान्वयन भएको देखिएन

१०. लेखापरीक्षणको क्रममा लेखा , राजश्व , साझेदारी तथा गरिवि निबारण शाखामा कर्मचारीको अभावले कार्य संपादन गर्न असुविधा भएको गुनासो पाईयो तसर्थ आर्थिक कारोबार हुने यस्ता शाखामा कर्मचारीको अभावले प्रत्यक्ष प्रभाव पार्ने हुनाले आबश्यक अध्ययन तथा विश्लेषण गरि समस्या समाधान गर्नु पर्ने देखिन्छ ।

११. राजश्व शाखामा प्राप्त हुने आम्दानी रकम सके सम्म सोही दिन बैक जम्मा गर्ने र संभब नभए भोलि पल्ट दाखिला गर्नु पर्नेमा हप्तौ सम्म पनी दाखिला भएको देखिएन । यसर्थ यस तर्फ व्यवस्थापनको ध्यान पुग्न अत्यन्त जरुरी छ । साथै राजश्व शाखामा प्राप्त हुने आम्दानी सोहि दिन बैकमा जम्मा गर्न संभव नभएमा सुरक्षाको लागी क्यास भल्टको व्यवस्था गरि भर पर्दो सुरक्षा व्यवस्था अपनाउन पर्ने देखिन्छ ।

१२. बढदो चाप तथा आर्थिक व्यवस्थापनको लागी नगद कारोबार नगरी बैक मार्फत गर्दा चुस्त तथा प्रभावकारी हुने र कर्मचारी समेत कम भए पुग्ने भएकोले कुनै बैक तथा वित्तिय संस्थाको काउन्टर नगरपालिका परिसरमा सचालन गर्नको लागी पहल गर्नु पर्ने देखिन्छ ।

१३. सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ मा सामानहरुको मौजुदा सुचि तयार पार्नु पर्ने व्यवस्था उल्लेख भएकोमा सो व्यबस्थाको पालना भएको देखिएन । तसर्थ नगरपालिकामा रहेका खर्च भएर नजाने तथा स्थायी र खप्ने सामानहरुको अभिलेख राखि कुन कुन सामान कुन कुन शाखामा के कति छन सो को नामाङ्कन गरि प्रत्येक शाखाका प्रमुखहरुको जिम्मेवारीमा राख्नु पर्ने व्यवस्थाको शुरुवात गर्नु पर्ने देखिन्छ ।

१४. नगरपालिका बाट संचालित संपन्न भएका केहि योजनाहरु बाहेक धेरै योजनाहरुको सार्वजनिक सुनुवाई तथा गुण स्तरको मापन भएको देखिएन । तसर्थ योजना संपन्न भै सके पछि आम भेला बोलाई यथार्थ जानकारी गराई सार्वजनिक सुनुवाई गर्ने परिपाटीलाई निरन्तरता दिदै जानु पर्ने देखिन्छ ।

१५. कुनै पनि खरिद कार्य गर्न सर्व प्रथम खरिद आदेश गर्ने , सामान प्राप्त भए पछि दाखिला प्रतिबेदन तयार गर्ने त्यस पछि खर्च भएर जाने सामान भए खर्च हुने खातामा र खर्च भएर नजाने सामान भए खर्च नहुने खातामा प्रविष्ट गर्नु पर्नेमा खरिद भएको लामो समय सम्म पनी सामान हरु दाखिला भएको देखिएन ।

१६. जिन्सी निरिक्षण गर्दा खर्च भएर जाने सामानहरु अत्यधिक मात्रामा प्रयोग भएको देखियो । तसर्थ यस्तो प्रविृति नियन्त्रण गरि मितव्ययीत अपनाउन पर्ने देखिन्छ ।

१७. लामो समय देखि प्रयोगमा नआई नगरपालिका कार्यालय परिसिरमा रहेका मोटर साइकल गाडी,टिपर, लोडर तथा डोजर लगाएतका अन्य सामानहरुको मर्मत संभार गरि पुन प्रयोगमा ल्याउन संभब भए नभएको आर्थिक बिश्लेषण गरि प्रयोगमा ल्याउन नसकिने भएमा आबश्यक प्रकृया पुरा गरि लिलाम विक्रि गर्ने तर्फ पहल गर्नु पर्ने देखिन्छ ।

१८. सामाजिक सुरक्षा करका साथै करयोग्य भएका कर्मचारी हरुको कर गणना गरी सम्वन्धीत आन्तरिक राजश्व कार्यालयमा दाखिला गरेको पाईयो तर यस्तो कर आर्थिक बर्षको अन्तमा नभै आयकर ऐन २०५८ बमोजिम १५ भित्र दाखिला गर्नु पर्ने देखिन्छ ।

१९. सार्बजनिक खरिद ऐन २०६३ को दफा २ ग बमोजिम नेपाल सरकार वा संचालित वा सरकारको पुर्ण वा आंशिक अनुदान प्राप्त संस्थाले रु ३,००,०००। भन्दा बढिको काम गर्दा कोटेशन, बोलपत्र टेन्डरबाट मात्र खरिद कार्य गराउने तर्फ आर्थिक प्रशासनको ध्यान पुग्न जरुरी छ।

२०. सार्बजनिक खरिद ऐन २०६३ को दफा ५ अनुसार लागत अनुमान तयार गर्नु पर्ने दफा ६ मा खरिद योजना तयार गर्नु पर्ने दफा ८ मा खरिद विधि तयार गर्नु पर्ने दफा ९ मा खुला रुपमा बोलपत्र आवह्नन गरि खरिद कार्य गर्नु पर्ने साथै नियम ३ मा खरिद कार्बाहिको तयारी व्यवस्था , नियम ८ मा बार्षिक खरिद योजना तयार गरेर मात्र खरिद कार्य गर्नु पर्नेमा कतिपय अबस्थामा खरिद योजना , लागत अनुमान र कोटेशन तथा बोलपत्र नगरी सोझै खरिद गरेको देखियो ।

२१. बिगत आ. ब देखि लेखापरीक्षण प्रतिबेदनमा उल्लेखित पेश्की तथा बेरुजु रहेको रकम हरु अविलम्ब असुल उपर तथा फर्छ्योट गर्नु पर्ने देखिन्छ ।

२२. नगर परिषदको निर्णय नं २९ मा आ.ब ०७०।०७१ बाट प्रोदभावि लेखा प्रणाली लागु गर्ने निर्णय भएता पनी उक्त निर्णय कार्यान्वयन नभै क्यास बेसिसलाई नै निरन्तरता दिएको पाईयो

२३. नगर परिषदको निर्णय नं ३७ मा कार्य संपादनमा आधारित प्रोत्साहन कोषको व्यवस्था गरि न्यूनतम शर्त मापन कार्यविधिमा थप बजेटलाई शत प्रतिशत मानी सो को १ प्रतिशत रकम प्रोत्साहन कोष खडा गरि सो कोषमा जम्मा गर्ने र कम आएमा सो सुविधा १ प्रतिशत सोधभर्ना गरिने कार्यलाई यस आ.ब देखि शुरु गर्ने निर्णय भएता पनी कार्यान्वयन भएको देखिएन ।

२४. लेखनाथ नगरपालिकामा नमूना टोल निर्माणको लागी आवाशको लागी सहयोग समूह लुमन्ती संग सहकार्य गरेको पाईयो साथै यस कार्यक्रम अर्न्तगत नगरपालिकाले आबश्यक दक्ष जनशक्ति तयार गरि यो कार्यक्रम संचालन गर्न सकेमा नगरपालिकाको आय आर्जनमा बृद्दि हुने देखिन्छ ।

हाम्रो रायमा वित्तिय विवरणले नेपाल लेखामान तथा सार्न्दभिक प्रचलन एव. स्थानिय निकाय आ.प्र नियमाबली तथा निर्देशिका बमोजिम नगरपालिकाको २०७१ आषाढ मसान्तको वित्तिय अवस्था र सोहि मितिमा अन्त भएको सो बर्षको आय व्ययले यथार्थ र उचित चित्र प्रस्तुत गरेको छ ।

भोजराज दुलाल
नि.वि.आर दुलाल एण्ड कं
दर्तावाल लेखापरीक्षक

**निष्कर्ष:**

नेपाल सरकारको आर्थिक विनीयमहरुलाई पूर्ण पालन गर्दै समग्र नगरपालकाको विकास गर्ने उद्देश्य अनुरुप हाम्रा हरेक कार्यक्रमहरु संचालन हुनु पर्दछ । हामी सवैबाट आ-आफ्नो कर्तव्य बोध र जवाफदेहितामा दृढ भएमा समुन्नत नगरपालिका बनाउने उद्देश्य पुरा गर्न सहयोग मिल्ने देखिन्छ । हाम्रा कार्यक्रमहरु जहिले पनि दिर्घकालिन रुपमा सकारात्मक प्रभाव पार्ने खालका हुन आवश्यक छ । यस नगरपालिकाको घरातलिय स्थिती र प्राकृतिक श्रोतको उपयोगिताका आधारमा यो नगरपालिकाको नारा सात तालको बगैचा शहर राखिएता पनि नाम अनुसारको काम हुन नसकेको सत्यतालाई स्वीकार गर्दै साँचैनै यस नगरपालिकालाई फोहोर मुक्त नगर, प्लास्टीक रहीत नगर बनाई सात तालको विकास गर्दै पर्यटकीय नगरी बनाउनु पर्नेमा सबैको पहल हुन आवश्यक छ । सवै नगरबासीले समग्र नगरपालिकाको हितमा सोच्ने बातावरण बनाउन समय-समयमा वृहत -याली गोष्ठी, सेमीनार, अर्न्तक्रिया एवं प्रत्यक्ष जनसहभागिताका सचेतना कार्यक्रमहरु पारदर्शी रुपमा संचालन गर्नु आवश्यक छ । जसले गर्दा नगरबासी आफ्नो अधिकारको मात्र खोजी नगरी कर्तव्यको बोध पनि गर्न सकुन ।

अनुसूची - १५

नेपाल सरकार

लेखनाथ नगरपालिका कार्यालय

कास्की

बजेट शिर्षक नं. :- ३६५८०३३

शिर्षक/उप-शिर्षक :- नगरपालिका अनुदान

आ.ब. २०७०/७१ को वार्षिक आर्थिक विबरण

| बजेट रकम नं. | बजेट रकम | स्वीकृत बजेट | पुरक बजेट | | संकेत नं. | रकमान्तर | | जम्मा बजेट | निकासा | खर्च | बांकी | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | थप | घट | | थप | घट | | | | नगद | बजेट |
| ०२.६३.२१ | स्थानीय निकाय निशर्त | १८०९००००.०० | | | | | | १८०९००००.०० | १७६६०४३०.०० | १७६६०४३०.०० | | ४२९५७०.०० |
| | जम्मा | १८०९००००.०० | | | | | | १८०९००००.०० | १७६६०४३०.०० | १७६६०४३०.०० | | ४२९५७०.०० |

मौज्दातको अवस्था

१. बैंकको नाम र ठेगाना :- नेपाल राष्ट्र बैंक, पोखरा

२. बैंक खाता नं. :- ११०००१ एकल ख-१

३. बैंक अनुसार बांकी रु. १

४. पेश्की बांकी
   क. गत आ.ब. सम्मको रु. ०
   ख. यस आ.ब.को रु. ०

५. नगद मौज्दात रु.

६. जम्मा वा भुक्तानी हुन बांकी चेकको रकम रु. जम्मा रकम रु. जम्मा ०

तयार गर्नेको सही :
दर्जा :
मिति :

लेखा अधिकृत

स्वीकृत गर्नेको सही :
दर्जा :
मिति :

कार्यकारी अधिकृत

---

को.ले.नि.का. प्रयोजनको लागि

माथि उल्लेखित स्रोतगत वार्षिक बजेट, निकासा, खर्च, पेश्की र बेरुजु विवरण यस कार्यालयको अभिलेखसंग मिलान भएको व्यहोरा प्रमाणित गरिन्छ ।

(पेश गर्ने) (रुजु गर्ने) (प्रमाणित गर्ने)

D.R. Shrestha & Co., Pokhara-12, Kaski, Registered Auditors

निमित्त कोष व्यवस्थापक (रा.प.प्रथम)

नेपाल सरकार



## लेखनाथ नगरपालिका कार्यालय
## कास्की

बजेट शिर्षक नं. :- ३६५८१७३

शिर्षक/उप-शिर्षक :- स्थानिय विकास शुल्क कोष

### आ.व. २०७०/७१ को वार्षिक आर्थिक विवरण

| बजेट रकम नं. | बजेट रकम | स्वीकृत बजेट | पुरक बजेट | | संकेत नं. | रकमान्तर | | जम्मा बजेट | निकासा | खर्च | बांकी | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | थप | घट | | थप | घट | | | | नगद | बजेट |
| ०२.६३.११ | स्थानीय निकाय निशर्त चालु | ५४०३०००.०० | | | | | | ५४०३०००.०० | ५४०३०००.०० | ५४०३०००.०० | | |
| ०२.६३.२२ | स्थानीय निकाय सशर्त | ७९९७०००.०० | | | | | | ७९९७०००.०० | ७८८२६११.०० | ७८८२६११.०० | | ११४३८९.०० |
| | जम्मा | १३४०००००.०० | | | | | | १३४०००००.०० | १३२८५६११.०० | १३२८५६११.०० | | ११४३८९.०० |

**मौज्दातको अवस्था**

१. बैंकको नाम र ठेगाना :- नेपाल राष्ट्र बैंक, पोखरा

२. बैंक खाता नं. :- ११०००१ एकल ख-१

३. बैंक अनुसार बांकी रु. १

४. पेश्की बांकी
   क. गत आ.ब. सम्मको रु. ०
   ख. यस आ.ब.को रु. ०

५. नगद मौज्दात रु.

६. जम्मा वा भुक्तानी हुन बांकी चेकको रकम रु. जम्मा रकम रु. जम्मा ०

तयार गर्नेको सही :
दर्जा :
मिति :

लेखा अधिकृत

स्वीकृत गर्नेको सही :
दर्जा :
मिति :

कार्यकारी अधिकृत

को.ले.नि.का. प्रयोजनको लागि

माथि उल्लेखित स्रोतगत वार्षिक बजेट, निकासा, खर्च, पेश्की र बेरुजु विवरण यस कार्यालयको अभिलेखसंग मिडान भएको [illegible] ।

(पेश गर्ने) (रुजु गर्ने) (प्रमाणित गर्ने)

निमित्त कोष व्यवस्थापक (रा.प.द्वितीय)

नेपाल सरकार

# लेखनाथ नगरपालिका कार्यालय

कास्की

## आ.व. २०७०/७१ को वार्षिक आर्थिक विवरण

बजेट शिर्षक नं. :- ३६५८०८३

शिर्षक/उप-शिर्षक :- स्थानिय यातयात पुवाधार क्षे-का-

| बजेट रकम नं. | बजेट रकम | वार्षिक बजेट: नेपाल सरकार | वार्षिक बजेट: आई.डी.ए. सहायता | वार्षिक बजेट: जम्मा | पूरक: थप | पूरक: घट | स्रोतान्तर: थप | स्रोतान्तर: घट | संकेत नं. | रकमान्तर: थप | रकमान्तर: घट | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ०२.६३.२२ | स्थानीय निकाय सशर्त पूंजीगत अनुदान | १४०००००.०० | २१०००००.०० | ३५०००००.०० | | | | | | | | ३५०००००.०० |
| | कुल जम्मा | १४०००००.०० | २१०००००.०० | ३५०००००.०० | | | | | | | | ३५०००००.०० |

कोषको अवस्था

बैंकको नाम :- नेपाल राष्ट्र बैंक, पोखरा बैंक खाता नं. :-११०००१ एकल ख-१ चालुखाता

नेपाल सरकार :-

आई.डी.ए. :-

फर्स्यौट नभएको बांकी पेश्की

गत आ.व. सम्मको रु. ०

यस आ.व.को रु. ०

जम्मा ०

बैंक मौज्दात :-

नगद मौज्दात :-

जम्मा :-

दाखीला बांकी :-

सापटी फिर्ता दिन बांकी :-

सापटी फिर्ता आउन बांकी :-

जम्मा हुन बांकी भौचरको रकम :-

जम्मा हुन बांकी चेकको रकम :-

पेश गर्ने

मिति

लेखा अधिकृत

सदर गर्ने

मिति

कार्यकारी अधिकृत

कोलेनिका. प्रयोजनको लागि

माथि उल्लेखित स्रोतगत वार्षिक बजेट, निकासा, खर्च, पेश्की र बैंक विवरण यस कार्यालयको अभिलेखसंग मिडान भएको व्यहोरा प्रमाणित गरिन्छ ।

(पेश गर्ने) (स्वीकृत गर्ने) (प्रमाणित गर्ने)

निमित्त कोष व्यवस्थापक (रा.प.प्रथम)

| जम्मा बजेट | | | निकासा | | | खर्च | | |
|---|---|---|---|---|---|---|---|---|
| नेपाल सरकार | आई.डी.ए. नगद सहायता | जम्मा | नेपाल सरकार | आई.डी.ए. नगद सहायता | जम्मा | नेपाल सरकार | आई.डी.ए. नगद सहायता | जम्मा |
| १४00000.00 | २१00000.00 | ३५00000.00 | १४00000.00 | २१00000.00 | ३५00000.00 | १४00000.00 | २१00000.00 | ३५00000.00 |
| १४00000.00 | २१00000.00 | ३५00000.00 | १४00000.00 | २१00000.00 | ३५00000.00 | १४00000.00 | २१00000.00 | ३५00000.00 |

पेश गर्ने
मिति
लेखा अधिकृत

सदर गर्ने
मिति
कार्यकारी अधिकृत

**को.ले.नि.का. प्रयोजनको लागि**

माथि उल्लेखित स्रोतगत वार्षिक बजेट, निकासा, खर्च, पेश्की र बेरुजु विवरण यस कार्यालयको अभिलेखसंग भिडान भएको व्यहोरा प्रमाणित गरिन्छ ।

(पेश गर्ने) (रुजु गर्ने) (प्रमाणित गर्ने)

| बांकी | | | | | |
|---|---|---|---|---|---|
| नेपाल सरकार | | आई.डी.ए. सहायता | | जम्मा | |
| नगद | बजेट | नगद | बजेट | नगद | बजेट |
| | | | | | |
| | | | | | |

पेश गर्ने
मिति

सदर गर्ने
मिति

को.ले.नि.का. प्रयोजनको लागि

माथि उल्लेखित स्रोतगत वार्षिक बजेट, निकासा, खर्च, पेश्की र बेरुजु विवरण यस कार्यालयको अभिलेखसंग मिडान भएको व्यहोरा प्रमाणित गरिन्छ ।

(पेश गर्ने) (रुजु गर्ने) (प्रमाणित गर्ने)

नेपाल सरकार

लेखनाथ नगरपालिका कार्यालय

कास्की

बजेट शिर्षक नं. :- ३४७३१६३

आ.ब. २०७०/७१ को वार्षिक आर्थिक विवरण

शिर्षक/उप-शिर्षक :- शहरी शासकीय क्षमता विकास कार्यक्रम

| बजेट रकम नं. | बजेट रकम | वार्षिक बजेट आई.डी.ए. ऋण | वार्षिक बजेट आई.डी.ए. सहायता | वार्षिक बजेट जम्मा | पूरक थप | पूरक घट | स्रोतान्तर थप | स्रोतान्तर घट | संकेत नं. | रकमान्तर थप | रकमान्तर घट | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २.६४.२९ | स.नि.,समिति,बोड पूंजिगत निशर्त अ. | ११९३६०००.०० | ९७६५०००.०० | २१७०१०००.०० | | | | | | | | २१७०१०००.०० |
| | कुल जम्मा | ११९३६०००.०० | ९७६५०००.०० | २१७०१०००.०० | | | | | | | | २१७०१०००.०० |

कोषको अवस्था

बैंकको नाम :- नेपाल राष्ट्र बैंक, पोखरा बैंक खाता नं. :- ११०००१ एकल ख-१ चालुखाता

आई.डी.ए. :-

आई.डी.ए. :-

बैंक मौज्दात :-

नगद मौज्दात :-

**फर्स्योट नभएको बांकी पेश्की**

गत आ.ब. सम्मको रु.

यस आ.ब.को रु.

जम्मा

जम्मा :-

o दाखीला बांकी :-

o सापटी फिर्ता दिन बांकी :-

o सापटी फिर्ता आउन बांकी :-

जम्मा हुन बांकी भौचरको रकम :-

जम्मा हुन बांकी चेकको रकम :-

पेश गर्ने

मिति

लेखा अधिकृत

सदर गर्ने

मिति

को.ले.नि.का. प्रयोजनको लागि

माथि उल्लेखित स्रोतगत वार्षिक बजेट, निकासा, खर्च, पेश्की र बेरुजु विवरण यस कार्यालयको अभिलेखसंग मिडान भएको व्यहोरा प्रमाणित गरिन्छ ।

(पेश गर्ने) (रुजु गर्ने) (प्रमाणित गर्ने)

DDCFAMP 2071/03/32

| जम्मा बजेट | | | निकासा | | | खर्च | | |
|---|---|---|---|---|---|---|---|---|
| आई.डी.ए. ऋण | आई.डी.ए. सहायता | जम्मा | आई.डी.ए. ऋण | आई.डी.ए. सहायता | जम्मा | आई.डी.ए. ऋण | आई.डी.ए. सहायता | जम्मा |
| ११९३६०००.०० | ९७६५०००.०० | २१७०१०००.०० | ११४६५१३८.०० | ९७६५०००.०० | २१२३०१३८.०० | ११४६५१३८.०० | ९७६५०००.०० | २१२३०१३८.०० |
| ११९३६०००.०० | ९७६५०००.०० | २१७०१०००.०० | ११४६५१३८.०० | ९७६५०००.०० | २१२३०१३८.०० | ११४६५१३८.०० | ९७६५०००.०० | २१२३०१३८.०० |

पेश गर्ने
मिति
लेखा अधिकृत

कार्यकारी अधिकृत
सदर गर्ने
मिति

को.ले.नि.का. प्रयोजनको लागि

माथि उल्लेखित स्रोतगत वार्षिक बजेट, निकासा, खर्च, पेश्की र बेरुजु विवरण यस कार्यालयको अभिलेखसंग मिडान भएको व्यहोरा प्रमाणित गरिन्छ ।

(पेश गर्ने) (रुजु गर्ने) (प्रमाणित गर्ने)

निमित्त कोष व्यवस्थापक
(रा.प.प्रथम)

| बांकी | | | | | |
|---|---|---|---|---|---|
| आई.डी.ए. ऋण | | आई.डी.ए. सहायता | | जम्मा | |
| नगद | बजेट | नगद | बजेट | नगद | बजेट |
| | ४७०८६२.०० | | | | ४७०८६२.०० |
| | ४७०८६२.०० | | | | ४७०८६२.०० |

पेश गर्ने
मिति

लेखा अधिकृत

सदर गर्ने
मिति

**को.ले.नि.का. प्रयोजनको लागि**

माथि उल्लेखित स्रोतगत वार्षिक बजेट, निकासा, खर्च, पेश्की र बेरुजु विवरण यस कार्यालयको अभिलेखसंग भिडान भएको व्यहोरा प्रमाणित गरिन्छ ।

(पेश गर्ने) (रुजु गर्ने) (प्रमाणित गर्ने)

DDCFAMP 2071/03/32